# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## (लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्याः २०८३।०८४
च.न.- १४६

वेबसाईट :www.mayadevimunkapilvastu.g
ईमेल : mayadevirm@gmail.com

मितिः २०८३।०४।२९

विषयः विद्यालय व्यवस्थापन समिति (SMC) गठन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरू,
मायादेवी गाउँपालिका, कपिलवस्तु।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका कतिपय सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति (SMC) गठन तथा पूर्णता नहुँदा रिक्त संघीय शिक्षण अनुदान, करार/राहत अनुदान कोटाको पदपूर्ति रोकिनुका साथै ऐन, शिक्षा नियमावली अनुसार स्थायी शिक्षकहरूको सरुवा प्रक्रियामा समेत गम्भीर समस्या उत्पन्न भएको सर्वविदितै छ। सो विषयमा गाउँ शिक्षा समितिको निर्णयानुसार पूर्व जारी गरिएको १५ (पन्ध्र) दिने परिपत्र बमोजिम केहि विद्यालयबाहेक अधिकांश विद्यालयहरूले हालसम्म पनि विद्यालय व्यवस्थापन समिति गठन/पूर्णता नदिएको पाइएको छ। यसरी पटक-पटक ताकेता गर्दा पनि समिति गठन हुन नसक्नुमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा विद्यालय प्रशासनको असफलता र कमजोरी मुख्य कारण रहेको गाउँपालिकाको निष्कर्ष रहेको छ। तसर्थ, शैक्षिक वातावरण सुधार र कानुनको परिपालनाका लागि निम्न बमोजिम गर्ने/गराउने गरी यो अन्तिम सूचना जारी गरिएको छः

- यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन तथा पूर्णता अनिवार्य रूपमा गरिसक्नुपर्नेछ।
- तोकिएको म्यादभित्र पनि समिति गठन नगर्ने विद्यालयहरूमा विद्यालय प्रशासन कमजोर ठहर गरी सम्बन्धित प्रधानाध्यापक/प्रशासन फेरबदल (जिम्मेवारी हेरफेर) गरिनेछ र गाउँपालिकाको नियमानुसार नयाँ व्यवस्था मार्फत समिति गठन प्रक्रिया अगाडि बढाइनेछ।
- तोकिएको समयावधिभित्र समिति गठन नगर्ने विद्यालयहरूमा रहेका रिक्त अनुदान तथा करार दरबन्दीहरूलाई नियमानुसार सञ्चालित अन्य विद्यालयहरूमा विद्यार्थी-शिक्षक अनुपात (STR) को आधारमा पदस्थापन/हस्तान्तरण गरिनेछ।
- तोकिएको अन्तिम समयावधिलाई समेत बेवास्ता गरी जिम्मेवारी पूरा नगर्ने प्रधानाध्यापक तथा विद्यालय प्रशासनलाई विद्यमान कानुन बमोजिम कडा विभागीय तथा कानुनी कारबाही गरिने व्यहोरा सूचित गरिन्छ।

अतः तोकिएको समयावधि भित्रै नियमानुसार व्यवस्थापन समिति गठन/पूर्णता सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी सोको विवरण/निर्णयको प्रतिलिपि यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रूपमा पेस गर्नुहुन अन्तिम पटक अनुरोध छ।

०८३।०४।२९

**नरेन्द्र यादव**
प्रमुख प्रशासकीय अधिकृत

<u>अवगतार्थः-</u>

- श्री गाउँपालिका अध्यक्ष ज्यू (जानकारीका लागि)।
- श्री गाउँपालिका उपाध्यक्ष ज्यू (जानकारीका लागि)।
- शिक्षा, युवा तथा खेलकुद शाखा, मायादेवी गाउँपालिका (अभिलेखार्थ)।

Scanned with CamScanner